मिति: २०७७/११/१२

वातावरण विभागको आ. ब. २०७७/७८ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत स्नातकोतर तहमा वातावरण विषय अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन शोध सहायता कार्यक्रमका लागि छनौट भएका १५ जना विद्यार्थीहरुको सूची यस प्रकार रहेको छ ।

| SN | Name | Institution | University | Subject |
|---|---|---|---|---|
| 1 | Mamata Aryal | CDES | TU | Environmental Science |
| 2 | Suwash Bhandari | CDES | TU | Environmental Science |
| 3 | Nabin Nepali | CDB | TU | Biodiversity and Environmental Management |
| 4 | Binita Pandey | Amrit Science Campus | TU | Botany |
| 5 | Barsha Khanal | CDES | TU | Environmental Science |
| 6 | Gauri Jayaswal | CDES | TU | Environmental Science |
| 7 | Kiran Rayamajhi | GGIC | TU | Environmental Science |
| 8 | Lalit Pathak | CDES | TU | Environmental Science |
| 9 | Lila Paudel | CDES | TU | Environmental Science |
| 10 | Manju Shree Thakur | GGIC | TU | Environmental Science |
| 11 | Rashmi Maharjan | CDES | TU | Environmental Science |
| 12 | Suchana Baniya | CDES | TU | Environmental Science |
| 13 | Bikram Adhikari | CDC | TU | Chemistry |
| 14 | Sadhana Bhattarai | CAS | TU | Environmental Science |
| 15 | Sneha Verma | School of Forestry and NRM, IOF | TU | Wildlife Management and Biodiversity Conservation |

छनौट भएका विद्यार्थीहरुलाई यससँगै संलग्न सम्झौताको ढाँचाबमोजिम ७ दिनभित्र सम्झौता गर्नका लागि आह्वान गरिएको छ । विभागसंग सम्झौता गर्न आउँदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बिद्यार्थी परिचयपत्रको प्रतिलिपि, सम्बन्धित विश्वविद्यालयको रजिष्ट्रेशन स्लिपको प्रतिलिपी, बैंक खाताको विवरण र दुइ प्रति पासपोर्ट साइजको फोटो अनिवार्य पेश गर्नु पर्नेछ।

# अध्ययन शोध सहायता सम्झौता-पत्र

वातावरण विभाग (यस पछि पहिलो पक्ष भनिएको) र ............................................... (शोध कार्य गर्न छनोट भएको विद्यार्थी) (यस पछि दोस्रो पक्ष भनिएको) बीच यस विभागको चालु आ.व.२०७७/०७८ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत "स्नातकोत्तर तहमा वातावरण विषय अध्ययनरत विद्यार्थीहरुलाई शोध कार्य सहायता" कार्यक्रम संचालन गर्नका लागि तपसील बमोजिमका शर्तहरुका अधिनमा रही दुई पक्ष बीच यो सम्झौता गरिएको छ ।

**छनौट गरिएका विद्यार्थी**

| **विद्यार्थीको नाम** | **शोधकार्यको शिर्षक** |
|---|---|
| | |

शर्तहरु

१. दोस्रो पक्ष लाई शोधकार्यमा सहयोग वापत प्रति विद्यार्थी रु. ......................./- (अक्षरुपी रु. ........................मात्र) **दोस्रो पक्षले पहिलो पक्षलाई शोधपत्र वा सम्बन्धित शैक्षिक संस्था तथा सुपरभाईजरको सिफारिस सहितको शोधपत्रको ड्राफ्ट बुझाए पश्चात** पहिलो पक्षले दोस्रो पक्षलाई एकमुष्ट रुपमा नियमानुसार कर कट्टी गरी उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले २०७८ असार १५ भित्र शोध कार्य सम्पन्न गरि शोधपत्र (Thesis/Dissertation) को अन्तिम स्विकृत प्रतिवेदन **थेसिस सुपरभाईजर मार्फत** पेश गरिसक्नु पर्नेछ । यदि उक्त समयमा कुनै कारणवस शोधपत्रको प्रस्तुतिकरण हुन नसकी शोध कार्य पुर्ण रुपमा सम्पन्न हुन नसक्ने भएमा सोको कारण सहित सम्बन्धित शैक्षिक संस्थाको सिफारिसमा **कारण खुलाएको पत्र विभागमा** पेश गर्नुपर्नेछ ।

३. दोस्रो पक्ष ले कुनै कारणबस शोध कार्य गर्न नसक्ने भएमा अविलम्ब प्रथम पक्ष समक्ष सम्बन्धित शैक्षिक संस्था तथा सुपरिवेक्षकको सिफारिस सहित जानकारी गराउनु पर्नेछ र सोही मिति बाट यो सम्झौता स्वतः रद्ध हुनेछ ।

४. सम्झौता गरेको कुनै विद्यार्थी संगको सम्झौता यदि २०७७ चैत्र मसान्त भित्र रद्ध भएमा विभागले वैकल्पिक सुचिमा रहेका विद्यार्थीहरुबाट योग्यता क्रम अनुसार यथाशिघ्र सम्झौता गर्नेछ । तर त्यस्तो सम्झौताका अन्य शर्तहरु परिवर्तन हुनेछैनन् ।

५. विद्यार्थीको शोध निर्देशन सम्बन्धित शैक्षिक संस्था तथा सुपरिवेक्षकले गर्नेछ र आवश्यक ठानेमा प्रथम पक्षबाट Supervisor वा Co-Supervisor पनि राख्न सक्नेछ तथा प्रथम पक्षको सम्बन्धित पदाधिकारीले आवश्यक ठानेमा शोधकर्ताको कार्यको अनुगमन र निर्देशन गर्न सक्नेछ ।

६. सम्बन्धित अध्ययन संस्थामा मस्यौदा शोधपत्रको प्रस्तुतीकरण गर्नुपूर्व सोको प्रस्तुतीकरण विभागमा गर्नुपर्नेछ र विभागमा छलफलका क्रममा उठेका बिषयबस्तु तथा सुझावहरु समेत समेटेर विद्यार्थीले शोधपत्र सम्बन्धित निकायमा पेश तथा प्रस्तुतीकरण गर्नु पर्नेछ ।

७. यदि सम्बन्धित शैक्षिक संस्थाको शैक्षिक क्यालेन्डर अनुसार सम्झौताको म्याद भित्र सम्बन्धित संस्थामा मस्यौदा शोधपत्रको प्रस्तुतीकरण गर्न नसक्ने भएमा सम्बन्धित शैक्षिक संस्थाको कारण खुलाएको पत्र विभागमा पेश गर्नुपर्नेछ तथा २०७८ असाढ २० भित्रै प्रथम पक्ष समक्ष मस्यौदा शोधपत्रको प्रस्तुतीकरण गरी छलफलका क्रममा उठेका बिषयबस्तु तथा सुझावहरु समेत समेटेर शोधपत्र तयार गर्नु पर्नेछ ।

८. शोध अनुदान प्राप्त गर्ने विद्यार्थीले सम्बन्धित शैक्षिक संस्थाबाट अन्तिम प्रतिवेदन स्वीकृत भएपछि शोध पत्रको Hard copy एक प्रति तथा Soft copy अनिवार्य रुपमा विभागमा बुझाउनु पर्नेछ ।

९. शोध पत्र अनुदान प्राप्त गर्ने विद्यार्थीले शोधपत्रमा आधारित रही कम्तिमा एक वटा Research Article तोकिएको ढाँचामा विभागमा पेश गर्नु पर्नेछ र त्यस्तो Research Article प्रकाशनका लागि छनौट भएमा विभागले प्रकाशन गर्ने जर्नलमा प्रकाशित गरिनेछ ।

१०. यस सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

माथिका शर्तहरुको पालना गर्न दुबै पक्ष मञ्जुर भई यो सम्झौता गरिएको छ ।

| पहिलो पक्षको तर्फबाट | सम्बन्धित शैक्षिक संस्थाका प्रतिनिधि | दोस्रो पक्ष (शोध कर्ता) को तर्फबाट |
|---|---|---|
| दस्तखत :........................ | दस्तखत :........................ | दस्तखत :........................ |
| नाम : मुकुन्द प्रसाद निरौला | नाम : ........................... | नाम : ........................... |
| पद : महानिर्देशक | पदः ........................ | मिति : .......................... |
| मिति : .......................... | मिति : .......................... | |
| | | साक्षीहरुः १. .................... |
| संस्थाको छाप | संस्थाको छाप | २. .................... |
| साक्षीहरुः १. ....................... | | |
| २. ....................... | | |